स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी र अभिनेत्री जसिता गुरुङले पोखरामा आगामी फिल्म 'फर्की फर्की'को छायांकन थालेका छन् । लेकसाइडमा 'फिसिङ'सहितको रोमान्टिक दृश्य खिच्दै फिल्मको औपचारिक रुपमा छायांकन सुरु भएको हो । यो रोमान्टिक ड्रामालाई सुयोग गुरुङले निर्देशन गरिरहेका छन् । पोखरामा २५ दिन खिचिने फिल्मको बाँकी सेड्युल काठमाडौं, मुस्ताङ र इण्डोनेसियाको बालीमा तय गरिएको छ । अनमोलले यो फिल्म आफ्नो करिअरको नयाँ यात्रा हुने बताएका थिए ।

**आजको विचार...**



नेपालमा...
(दुई पेजमा)

शंकरप्रसाद रिजाल

अभिनेता दयाहाङ राईको स्टारडम यतिबेला उत्कर्षमा छ । सहायक भूमिकाबाट करिअर सुरु गरेका उनले अहिले आफ्नै काँधमा फिल्म बोकेर सफलताको ग्यारेन्टी गर्ने हैसियत बनाएका छन् । बलिउडका अक्षय कुमारको शैली अपनाएका उनले वर्षमै १०/१२ वटा फिल्म गर्छन् । त्यसमध्ये ३/४ फिल्म सफल हुन्छन् । यसैले अहिले उनलाई बक्स अफिसको 'हिट मेशिन' भनिने गरिएको छ । दयाहाङको स्टारडम हलमा मात्र होइन, युट्युबमा पनि देखिने गरेको छ । हलमा असफल भएका उनका फिल्मले समेत युट्युबमा उल्लेख्य भ्यूज पाउँछन् ।



❐ वर्ष २९ ❐ अंक १२० ❐ २०८० मंसिर १२ गते मंगलबार 28 November 2023, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### मोटरसाइकल दुर्घटनामा विद्यार्थीको मृत्यु

**तेजेन्द्र श्रेष्ठ**

**गुल्मी,** मंसिर ११/जिल्लाको रेसुङ्गा नगरपालिका-४ अर्खरेलेमा मोटरसाईकल दुर्घटना हुँदा एक विद्यार्थीको मृत्यु भएको छ । सोमबार बिहान तम्घासबाट जगिथुमतर्फ जाँदै गरेको लु ८७ प ९८१ नम्बरको मोटरसाइकल र सिमलटारीबाट बुटवलतर्फ जाँदै गरेको लु १ ख ९४७५ नम्बरको बस एक आपसमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा रेसुङ्गा नगरपालिका-४ जगिथुमका २१ बर्षीय विवेक झाँक्री मगर रहेको वडा अध्यक्ष लीलाधर आचार्यले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल गुल्मीमा उपचारका लागि लगिएकोमा डाक्टरले मृत घोषणा गरेका हुन । मृतक झाँक्री तम्घासको महेन्द्र मावि कक्षा १२ मा अध्ययन विद्यार्थी हुन । उनी पढेर घर फर्कदै गर्दा दुर्घटनामा परेका हुन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## रैनादेवी छहरामा 'न्वागी महोत्सव'

# नयाँ धान देवतालाई चढाइयो !

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर ११/जिल्लाको रैनादेवी छहरामा प्रत्येक वर्ष नयाँ धान रैनादेवी भगवतीलाई चढाउने दिनलाई न्वागी पर्वका रूपमा मनाउने प्रचलन छ । वर्षौंदेखि न्वागी खाने र भगवतीलाई चामल चढाएको दिनमा वृहत्त मेला लाग्ने गर्दछ । यस वर्ष पनि दुई दिन न्वागी महोत्सव भयो । रैनादेवी छहरामा-३ स्थित भुवनपोखरी रैनादेवी मन्दिर परिसर गोखुङ्गामा शनिबार र आइतबार न्वागी महोत्सव आयोजना गरिएको हो । नयाँ धान देवतालाई चढाउनुको साथै दही, चामल खाँदै लोपोन्मुख अवस्थामा रहेका मगरी, सोरठी, पञ्चेबाजा, भजन कृर्तन गरी न्वागी मेला सकिएको छ ।







नयाँ धान भित्राएपछि रैनादेवी भगवतीलाई दही, चामल, सिलाम, केरा, मह लगायत चढाएर न्वागी खाने चलन विगतदेखि रहँदै आएको हो । यहाँ न्वागी नखाई नयाँ धान प्रयोगमा ल्याउन नहुने प्रचलन रहेको छ । यदि प्रयोग गरियो भने घरमा अनिष्ट हुने धार्मिक विश्वास रहेको बूढापाका बताउँछन् । त्यसैले यहाँका किसानले परम्परागत रूपमा न्वागी खाने र पर्वका रूपमा मनाउने गर्छन् । दशैं, तिहारपछिको ठूलो पर्वका रूपमा न्वागीलाई लिइने गरिएको छ । यस दिन देवीलाई काँचो चामलमा दही, केरा, सुकुमेल र अन्य मसला एकै ठाउँमा मिलाई त्यसलाई राम्ररी मुछेर विधिर्पूवक चढाइसकेपछि त्यसलाई प्रसादस्वप खाने गरिन्छ । यसरी चढाएपछि मात्र घरमा भित्र्याइएको नयाँ धानको भात खाइने मान्यता छ । यो पर्वमा प्रत्येक वर्ष नयाँ धानबाली पाकेपछि रैनादेवीसँग मागेको बर कहिल्यै पनि खेर नजाने विश्वास रहेको छ । यहाँ व्यापार, व्यवसाय र रोजगारको शिलशिलामा गाउँ भन्दा बाहिर देश, विदेशमा रहेकाहरु समेत न्वागीको समय पारेर घर आउने गर्छन् । न्वागी पर्व पश्चिम पाल्पाकै धार्मिक आस्थासँगै मौलिक संस्कृति, जीवन पद्धति, कृषक तथा कला संस्कृतिसँग गासिएको छ । मेला समापनका दिन उक्त क्षेत्रमा पुगेका लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तिमगरले पश्चिम पाल्पाको ठूलो पर्वको रुपमा न्वागी पर्व रहेको बताए । न्वागी पर्व परम्परागत कलासंस्कृतिको प्रदर्शन, जर्गेना, तथा स्थानीयतहमा मनोरञ्जनको प्रदान गर्ने पर्व रहेको उनको भनाई छ । पश्चिम पाल्पाको साथै गुल्मी र अर्घाखाँचीमा रैनादेवीको ठूलो महिमा र आस्था रहेकाले दिनहुँ धार्मिक पर्यटक तथा चहल पहल बढ्दै गएकाले यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न आफुले पहल गर्ने सभामुख घर्तीले बताए । विस्तृत परियोजना बनाएर ल्याए बजेटको कमी हुन नदिने उनलले भुवनपोखरीवासीलाई विश्वास दिलाए । जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले न्वागी पर्व धार्मिक, साँस्कृतिक तथा पर्यटकीय विषयवस्तुसँग सम्बन्धित रहेको बताए । मन्दिर परिसरमा नाचिएको परम्परागत मौलिक कला संस्कृतिले अझै पनि मौलिक संस्कृति जीवन्त रहेकोमा उनले खुसी व्यक्त गरे । मेला अवलोकनमा पुगेका नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका जिल्ला अध्यक्ष धनेन्द्रराज घिमिरे, नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष राजेन्द्र विक, राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, जिल्ला समन्वय समितिकी पूर्व कार्यवाहक प्रमुख मिरा मरासिनी, गाउँपालिकाका पूर्व अध्यक्ष राम बहादुर कार्की लगायतले यस्ता ऐतिहासिक मेला/महोत्सवले संस्कृतिक संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

रैनादेवी छहरा गाउँपालिकाले इतिहास, परम्परा, कलासंस्कृति जर्गेना गर्दै रैनादेवी धार्मिक क्षेत्रमा पर्यटकीय गतिविधि बढाउन दुई दिने न्वागी मेलाको आयोजना गरेको गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराईले बताए । आगामी दिनमा पनि यसलाई निरन्तरता दिने उनको भनाई छ । न्वागी महोत्सवमा स्थानीय कला संस्कृतिलाई बचाउन, स्थानीय परम्परागत कलाकारहरुलाई उत्साहित बनाउन, एक पुस्ताबाट अर्को पुस्तामा संस्कृतिको हस्तान्तरण गर्न पालिकास्तरीय सोरठी नाँच प्रतियोगिता सञ्चालन गरिएको थियो । प्रतियोगितामा ८ वटा सोरठी नाच प्रस्तुत भएकोमा वडा २ कोकलधारा सोरठी नाच समुह प्रथम, वडा नं १ सिद्देश्वर सोरठी नाँच समुह द्वितीय, वडा ३ भुवनपोखरी पेलावास सोरठी नाच समुह तृतीय र झिरवास सोरठी नाँच समूह सान्तवना भएका छन् । विजयी टिमहरुलाई प्रदेश सभामुख तुलाराम घर्तिमगर, गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराई, उपाध्यक्ष युवराज थापा, वडा अध्यक्ष प्रदिप पौडेल, मन्दिर संरक्षण समितिका अध्यक्ष मिनबहादुर दर्लामीले नगर तथा प्रमाणपत्र वितरण गरे । प्रतियोगितामा सहभागी अन्य सोरठी समुहलाई नगद ५ हजार प्रदान गरिएको थियो ।

## सूचना ! सूचना !! सूचना !!!

यस मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्थाबाट विभिन्न शिर्षकमा कर्जा लिनुभएका ऋणीहरुले नियमित रुपमा बुझाउनुपर्ने सावाँ र व्याजको किस्ता रकमहरु यही मंसिर २५ गते सोमबार, कार्यालय समयभित्र अनिवार्य रुपमा बुझाउनु हुन सूचित गरिन्छ । अन्यथा संस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाइने यसै सूचनामार्फत जानकारी गराईन्छ ।

**श्री मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क : ०७५-५२१४०५,९७६२५९०८०५**

## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीँ हुन सक्दछ ।
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन् ।
- पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ ।
- त्यसैले नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनै पनि पीडकलाई उम्कन नदिऔं ।
- पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# नौमती बाजा बजाउँदै गुल्मीका महिला

**रेसुङ्गा (गुल्मी),** मंसिर ११/गुल्मीको मदाने गाउँपालिका-६ का सुस्मिता घर्तीलाई बाजा बजाउन भ्याइनभ्याई छ । नौमती बाजा बजाउने मध्ये एक उनी समूहमा बाजा बजाउँदै हिँड्छिन् । महिला पनि अगाडि बढ्नुपर्छ भन्ने ध्येयले आफू बाजा बजाउँदै समूहमा हिँड्न थालेको उनले बताइन् ।

'महिला पनि सीप सिकेर अगाडि बढ्नुपर्छ', उनले भनिन्, 'हामी बाजा बजाएर अगाडि बढेका छौँ ।' उनी आजभोलि नौमती बाजाको समूहमा बाजा बजाउँदै जिल्ला सदरमुकाम पनि पुगन थालेकी छन् । सोही ठाउँका बसन्ता जिसीले पुरुष विदेश गएर गाउँमा कम रहेकामा आफूहरूले बाजा बजाउन सिकेको बताइन् । 'गाउँमा वृद्धवृद्धामात्र छन्, उनीहरूले बाजा बजाउन सक्नुहुँदैन',



उनले भनिन्, 'पुरुष कम हुन थालेपछि हाम्रै समूह बनाएर बाजा बजाउन थालेका हौँ ।' गाउँमा बाजा बजाउने प्रचलन रहेकामा यसलाई लोप हुन नदिन महिलाले सीप सिकेको उनले बताइन् । उनीहरूमात्र होइन, नौमती बाजाको सबै समूह नै महिलाको छ । विगतदेखि हालसम्म पुरुषले मात्र बजाइरहेको बाजामा समूहमा सबै महिला हुँदा यसलाई अचम्मको रूपमा हेरिएको छ । मदाने महिला नौमती बाजा समूह नामले परिचित यस समूहमा पुर्कोटदहका बसन्ता जिसी, सुस्मिता घर्ती, माया परियार, रिमा विक, पवित्रा विक, सीता विक, असिम विक, जुना नेपाली, रञ्जु नेपाली, रमा विक र सिर्जना विक गरी ११ जना रहेका छन् । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## औचित्यहिन आन्दोलन

सत्ता र सडकमा प्रदर्शन गरिरहेका दल/समूह जनआन्दोलनको उद्घोष गरिरहे पनि गन्तव्यमा स्पष्ट छैनन् । हालै मेडिकल व्यवसायी दुर्गा प्रसाईको नेतृत्वमा गणतन्त्र भ्याँकेर राजतन्त्र स्थापना गर्ने भन्दै सडक आन्दोलन भइरहेका छन्, भने प्रमुख प्रतिपक्ष नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघले भने गणतन्त्रविरुद्ध धावा बोलिरहेकाहरूलाई जवाफ दिने उद्देश्यले आन्दोलन गरेको छ । प्रत्यक्ष रूपमा यसो भने पनि यी दुवैको प्रदर्शन एकअर्काविरुद्ध प्रतिशोधका रूपमा आयोजना भएको देखिन्छ । गणतन्त्रको विरोधमा उत्रिएका दुर्गा प्रसाईंले केही वित्तीय संस्थाको व्याजबाट पीडित नागरिकलाई साथमा लिएर सडकमा आएका छन् । सडकमा आएका ति नागरिक व्यवस्थाको लागि हैन, उनीहरु केवल व्याज मिनाह हुने लोभले आएका हुन् । अहिले २०४६ र २०६२/६३ को जस्तो जनआन्दोलनको कुरा गर्ने बेला भइसकेको छैन । केही व्यक्ति र समुह सडकमा आउनु त उनीहरूको स्वार्थको लडाइँ मात्रै हो । हालै एकाएक उठेको प्रदर्शनको तरंग समुन्द्रमा उठेको ज्वार जस्तो हो । त्यसको कुनै औचित्य छैन् । यसो भन्दैमा हामीले वर्तमान सरकार र सत्तारुढ दलहरूको अन्ध समर्थन गरेको पनि होइन ।

सरकार र दलहरूको कमजोरीलाई हामी निरन्तर विरोध गरिरहेकै छौं । राम्रा कामको समर्थन र नराम्राको विरोधमा सधैं लागिरहनेछौं । हो, जनतामा हालका दिनमा निराशा र चिन्ता उत्पन्न भइरहेको छ, तर हाल एकाएक भइरहेको आन्दोलन सरकारको विरोध प्रदर्शन विना तयारी, विनालक्ष्य, बिना औचित्य उठ्न पुगेको छ । यस्तो आन्दोलनले कुनै अर्थ राख्दैन । अर्कोतर्फ स्वंय आन्दोलनमा हुमिएकाहरु नै आन्दोलनप्रति प्रतिवद्ध देखिएका छैनन् । केवल उनीहरु आन्दोलनमा जाँदैमा व्याज मिनाहा हुन्छ भने किन नजाने भन्ने सोंचका साथ सडकमा उत्रिएको देखिन्छ । जुन आन्दोलन अहिले विस्तारै हराउँदै गएको छ । शान्तिपूर्ण प्रदर्शन/विरोध/आन्दोलन लोकतन्त्रको सौन्दर्य हो । त्यसैले यसबाट कोही पनि डराउनु आवश्यक छैन । अर्कोतर्फ एउटा व्यक्ति विशेषको रिस साँध्न प्रमुख प्रतिपक्ष जस्तो जिम्मेवार दल लाग्नु पनि उचित हैन । यी दुवैलाई लडाएर/भिडाएर यसबाट फाइदा लिन खोज्नेहरू पनि छन् । यो च्याँखेले पनि अशान्तिरविध्वंशमा नै घिउ थप्ने हो । त्यसैले अराजक गतिविधि गर्नेलाई कानुनको दायरामा ल्याउने काम सरकारी तवरबाट गरिनुपर्छ भने सँगै आफूबाट भएका गल्तीप्रति प्रायश्चित गर्दै सच्चिने प्रतिवद्धता पनि उत्तिकै जरुरी छ । यसर्थ विना तयारी, आवश्यकता र औचित्य पुष्टि नभई गरिएका यस्ता आन्दोलनको कुनै औचित्य छैन ।

## Opinion @ Social Network

परिस्थिती जस्तो सुकै होस् खुशी रहने प्रतिबद्धता गर्नु पर्दछ,
किनकी सुख र दु:ख हाम्रै सोचाइमा निर्भर गर्दछ ।
(तुल्सा बस्यालको फेसबुक स्टाटस https://www.facebook.com/tulsa.bashyal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा अस्थिरता, भ्रष्टाचार र माफियातन्त्रको जगजगी



**शंकरप्रसाद रिजाल**

*देशमा राणाले गरेको मनपरी सहन नसकी त्यसको बिरोधमा एकैचोटी नेपालमा प्रजातन्त्र ल्याइ सबै कुराको थिति मिलाउने भन्ने कुरा चानचुने थिएन । केही विलासी जीवन बिताएपनि देशको परिस्थितिदेखि बिरक्त भइ जनतासँग लागेर राजा हिँड्नु भनेको साधारण कुरा पक्कै होइन । २००७ सालमा देशमा प्रजातन्त्रको उदय भयो । राजा र जनता मिलेर देशमा शासन गरे । तर जब जनताले सरकार चलाउन थाल्यो तब देशमा नीतिगत भ्रष्ट कामहरु सुरु भयो । २०११ सालमा पहिलो जनताका प्रधानमन्त्री मात्रिकाप्रसाद कोइरालाबाट भारत सरकारको इच्छामा कौडीको मूल्यमा कोसी बेच्ने काम भयो । नेपालको इतिहासमा यो पहिलो भ्रस्ट नीतिगत र असमान सम्झौता थियो ।*

करिव २५० वर्षसम्म सिंगो नेपाल अधिराज्यलाई बचाइ आएको शाह बंशको कार्यकाल बिसं.२०६२/०६३ सालमा आएर अन्त्य हुन पुग्यो । देशले जगेर्ना गरी आएको सेतो हात्ती ढल्यो । त्यसपछि सुरु भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आएपछि मुलुकमा झन् विकास हुने र मुलुक विकसित राष्ट्रमा परिणत हुने जनताले अपेक्षा गरेका थिए । आफूलाई परिवर्तनका सम्वाहक भन्ने दलहरुले पनि दश वर्षभित्र मुलुकको कायालपट गर्ने आश्वासन बाँडेका थिए । तर यो बीचमा जनताको अपेक्षा र नेताहरुको भाषण भाषणमै सीमित मात्रै भएको छैन, मुलुकमा अस्थिरता, भ्रष्टाचार, अन्याय । अत्याचार र दलाली तथा माफियातन्त्र झांगिएको छ । र यो प्रदुशित बातावरणले सारा नेपाली जनता आज निसास्एिका छन् । देशमा जताततै बेथितिका मुसाहरु यत्रतत्र दगुरी रहेका छन् र ती मुसा प्रवृत्तिका कारण आज मुलुकको अस्मितामागि नै आँच आएको छ । देशको हरेक क्षेत्र नियम, नीति, बिधि, प्रणाली र तन्त्र बिस्तारै खोक्रो सावित हुँदैछ ।

यो सयौं वर्षको शाही शासनले आर्जेको सिंगो पूर्वमा मेची र पश्चिममा माहाकालीसम्म फैलिएको नेपालको भू-स्वामित्व र उत्तरमा बिशाल हिम शृंखला, बीचमा चुरे भावरका अग्ला अग्ला पहाड, गरै गराका थेप्चे ढिस्का तथा दक्षिणतर्फका तराईका सम्म फाँट र मैदानहरुको आनै मौलिक बिशेषता रहेको छ । यस्तो देश आज भ्रष्टाचार, अन्याय, बेथिति र माफियातन्त्रले आक्रान्त भएको देख्दा कुन चाहीँ सच्चा नेपाली "भुँइ" मान्छेको मन नरोला । २५० वर्षको शाह बंशीय शासनकाल सन् १५५९ द्रव्य शाहको पालादेखि सुरु भै सन् २००८ मा राजा ज्ञानेन्द्रको शाशनसम्म रह्यो । यो अवधिमा जम्माजम्मी २१ शाह राजाहरुले शाशन गरेको पाइन्छ । जसमध्ये राम शाहको पालामा गोरखामा न्याय व्यबस्थाको राम्रो व्यवस्था थियो । त्यसै कारणले त उनको पालामा "न्याय नपाए गोर्खा जानु" भन्ने प्रचलित कहावत सुरु भयो । त्यसपछि अरु शाह राजाहरु हुने र हट्ने, कोही शासन छोडी कासी जाने, कोही चाँडो मर्ने गरी कालान्तरमा सन् १७०३ मा पृथ्वी नारायण शाहको पालामा आइ फेरि शाह शासनको उदय भयो । उनी भ्रष्टाचार, अन्याय, अत्याचार तथा माफिया विरोधी एक बहादुर र शाहसी तथा दूरदर्शी लडाकु राजा थिए । सारा उनको जीवन विभिन्न भुरे टाकुरे राज्यलाई एकीकरण गरी सिंगो नेपाल बनाउन नै बित्यो । त्यस उप्रान्त फेरि राजाहरु कमजोर बन्दै गए । तर भ्रष्टाचार र घुसखोरी भने सुन्नमा आएको थिएन । त्यसपछि राणाहरुको अनेक प्रताडना र बन्दी जीवनबाट उम्किएर राजा त्रिभुवन देशमा जनतासँगै लागेर भारततर्फ लागेको इतिहास छ । देशमा राणाले गरेको मनपरी सहन नसकी त्यसको बिरोधमा एकैचोटी नेपालमा प्रजातन्त्र ल्याइ सबै कुराको थिति मिलाउने भन्ने कुरा चानचुने थिएन । केही विलासी जीवन बिताएपनि देशको परिस्थितिदेखि बिरक्त भइ जनतासँग लागेर राजा हिँड्नु भनेको साधारण कुरा पक्कै होइन । २००७ सालमा देशमा प्रजातन्त्रको उदय भयो । राजा र जनता मिलेर देशमा शासन गरे । तर जब जनताले सरकार चलाउन थाल्यो तब देशमा नीतिगत भ्रष्ट कामहरु सुरु भयो । २०११ सालमा पहिलो जनताका प्रधानमन्त्री मात्रिकाप्रसाद कोइरालाबाट भारत सरकारको इच्छामा कौडीको मूल्यमा कोसी बेच्ने काम भयो । नेपालको इतिहासमा यो पहिलो भ्रस्ट नीतिगत र असमान सम्झौता थियो । यहीँबाट नीतिगत भ्रष्टाचारको सुरुवात भयो । त्यसपछि भारत सरकारको लहलहैमा लागेर भ्रष्टाचार हरेक प्रधानमन्त्री र मन्त्रिपरिषद्बाट आर्थिक अपचलन हुने र राजनैतिक पराधिन हुने कुराहरुको निर्णय हुन थालेपछि देशमा विसंगतिको आगो बलेर देश झन्डै भारतको पोल्टोमा जान थालेपछि २०१५ सालको जननिर्बाचित बिपी कोइरालाको सरकारलाई समेत राजा ५ महेन्द्रले २०१७ सालमा अपदस्त गरी देशमा पञ्चायती शासन सुरु गरे ।

व्यवस्था जेसुकै भएपनि उनको दश वर्षको शासन कालमा देशले नसोचेको बिकास र संमृद्धि पाउन सफल भयो । त्यसताका राजा भ्रष्टाचार गर्दैनथे । बरु कँहा भ्रष्टाचार छन् भनी नियाली नियाली छद्म भेषमा देश दौडाहामा हिँडिरहन्थे । देशमा भ्रष्टाचार, बेथिति, अन्याय र अत्याचार होला कि भनेर अलि कडा शासन र बिदेशी चिडिन्छन् कि भनेर पञ्चशील सिद्धान्तमा आधारित असंलग्न परराष्ट्र नीति अबलम्बन गरि शासन गर्दथे । वास्तवमा उनी देशका राजनेता कै रुपमा गनिन्थे र आज सम्मपनि गनिने चलन छ । त्यसताका राजा र नेताहरु भ्रष्ट, अत्यचारी र मनपरी गर्ने नैतिकता हराएका भने थिएनन् । यसरी नै बित्यो नेपालको दिनचर्या २०४६ सालसम्म । मानिस धेरै बिदेश नजाने भएपछि बिदेशी मुद्रा बचत थियो । राष्ट्रिय आम्दानी अन्तर्गत हुन आउने कुल ग्राहस्थ उत्पादन, कुल राष्ट्रिय उत्पादन, मानव विकास सूची, पब्लिक उपभोग र लगानी जस्ता आर्थिक परिसूचक सन्तोसजनक रुपमा रहेको थियो । कुनै पनि कुरा ऋणात्मक रुपमा रहेको थिएन । फजुल खर्चहरु थिएन । नेताहरु भ्रष्टाचारी र कर्मचारी त्यति घुस्याहा थिएनन् । व्यापारी त्यति ठगाहा थिएनन् । तर जब २०४७ सालको संविधान निर्माणपछि २०४८ सालमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला बने, त्यसपछि नेपालमा भ्रष्टाचार, नीतिगत भ्रष्टाचार अन्याय, अत्याचार, बेथिति र माफियातन्त्रको प्रारम्भ भयो । पार्टीमा अन्तर्घात, जालझेल सुरु भयो । विद्यार्थीलाई ट्रेड युनियन खोल्न दिइयो । कर्मचारीमा फाटो उत्पन्न गराई कार्यालय भित्र नै संगठनको निर्माण हुन पुग्यो जसले गर्दा सारा कार्यालयमा घेराउ गर्ने र बन्द समेत गर्ने शृंखलाहरु बढ्दै गयो ।

माओवादीको जनयुद्ध, २०५८ सालको अकल्पनीय दरबार हत्याकाण्ड पछि देशमा मच्चिएको लुटतन्त्र र त्यसै बेला नेताहरुमा हराउँदै आएको नैतिकता, देशप्रतिको माया र बढ्दै गएको लोभ, स्वार्थीपना, अहमता र भ्रष्टिकरणले देश आक्रान्त बन्न पुग्यो । नेताहरु भ्रष्ट भएपछि बिस्तारै तलतल सर्दै सबैले नियम छल्दै, मिच्दै लुकीछिपी देशलाई आर्थिक रुपमा र राजनैतिक रुपमा दोहन गर्न थालियो । देशमा संविधान बनाउने भनेर ६ महिनामा सकिने कुरा ४ वर्ष लगाई अरबौं रुपैयाँको आर्थिक बिचलन भयो । त्यस बीचमा देशका नदीनाला भारतलाई बेची सकेका थिए । अन्य कति आर्थिक घोटाला भयो त्यो महालेखा परीक्षकको प्रतिबेदनमा प्रष्ट छ । त्यसमा पनि खुल्न नसक्ने अन्य आर्थिक अपचलन अझ कति हो कति । पञ्चायतको पालामा २१ अरबको राष्ट्रिय ऋण बोकेको देशले आज ३२ खरब ऋण बोकेको छ । उद्योग कलकारखाना सबै आर्थिक उदारीकरणको नाममा कौडीको मूल्यमा बेची सबै कुरालगायत पातका दुना टपरी, धागोका जनैसमेत आयात गरी देशका सम्पूर्ण नेताहरु आज आ-आफूले गरेका आर्थिक र नीतिगत भ्रष्टाचारलाई अनेक तरिकाबाट लुकाइ छिपाइ सोझा जनतालाई गुमराहमा पारेर देशको बाहक नभइ जनता र राष्ट्रको बाधक बनी देशलाई झन् अस्थिर, भ्रष्टिकरण, अत्याचार, अन्याय र काण्डहरुको दल दलमा फसाइ देशलाई झण्डै असफल राष्ट्र बनाउने काम २०४७ सालपछिका देशमा प्रधानमन्त्री भएकाहरुले गरेका छन् । नेताहरु अझै पनि "हामी नै नेपालको बिकास गर्छौं" भन्दै घरी बालुवाटार, घरी बालकोट, घरी बुढानीलकण्ठ र घरी खुमलटार सकिनसकी पानीको लौरो टेकी दौडिरहेका छन् ।

अब देशका नौजवान, बिदेशमा रहेका नेपाली नौजवान युवा युवती र स्वदेश र बिदेशका शुभ चिन्तकले यो कुरा थाहा पाइनसकेका छन कि यिनीहरुबाट यो देश उंभो लाग्दैन । अब देशको व्यवस्थालाई यथावत् राखी बिसंगतीलाई जरैदेखि उखेलेर नफालेसम्म देशमा स्थिर सरकार, स्थिर अर्थतन्त्र, आधुनिक प्रविधि, आधुनिक चिकित्सा पद्धति र हरक्षेत्रमा सुधार ल्याउन देशको सदनमा नयाँ र नौला होनहार युवा युवतीको प्रवेश हुनुपर्छ । यी सबैको शक्तिबाट भ्रष्ट, माफिया र अस्थिरताका पुजारीहरूको अन्त्य हुनु पर्ने बेला आएको छ । बेलैमा सचेत नहुने हो भने देशको अस्थित्वमाथि नै खतरा उत्पन्न नहोला भन्न सकिँदैन ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज शुभकार्यको चर्चा चल्नेछ । वैदेशिक संस्थाबाट सहयोग पाइनेछ । | **तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । भूमिबाट लाभ पनि रहला । |
| **वृष** : न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । | **वृश्चिक** : नयाँ काम वा रोजगार पाइनेछ । इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| **मिथुन** : आफन्तसँग भेटघाट रहनेछ । स्वादिष्ट भोजनको अवसर मिल्नेछ । | **धनु** : बोलीले कार्य सफल हुनसक्छ । परिवारमा सुख सन्तोष छाउनेछ । |
| **कर्कट** : शुभ कार्यको योजना बन्नेछ । नयाँ र शुभ समाचार पनि सुन्न पाइएला । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । प्रेम प्रस्ताव समेत प्राप्त हुनसक्छ । |
| **सिंह** : बौद्धिक काममा सफलता मिल्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला । | **कुम्भ** : भाग्यले अवसर जुराउनेछ । शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ । |
| **कन्या** : कार्यमा सफलता पाइनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ । | **मीन** : दाम्पत्य जीवन सुखमय रहनेछ । मान प्रतिष्ठामा वृद्धि पनि होला । |




# फुड पोइजनिङ रोक्ने विद्युतीय नाकको विकास



मान्छेको नाकले के-के सुँघ्छ, के-के थाहा पाउँछ । यसको सुँघ्ने क्षमता अभूतपूर्व छ । हरेक नाकमा झण्डै चार सय गन्ध थाहा पाउने रिसेप्टर हुन्छ । यी रिसेप्टरहरुले १० खर्ब ओटा फरक-फरक गन्ध थाहा पाउन सक्छन् । यस्तो खालको उच्च कोटीको सुँघ्ने क्षमतालाई विस्थापित गर्ने वैज्ञानिक उपकरण बनाउनु कस्तीको चुनौतीपूर्ण काम होइन । तर कृत्रिम बौद्धिकता(एआई)मा हालै भएको प्रगतिले निश्चित खालको गन्ध थाहा पाउने र बताउने हाई-टेक सेन्सरयुक्त विद्युतीय नाक विकास भएका छन् । यसले खानेकुराको सुरक्षामा कायापलट गर्न सक्ने निर्माताहरु बताउँछन् । खानेकुरा कुहिएर वा बिग्रिएर त्यसमा उत्पन्न हुने घातक ब्याक्टेरियाहरु हुन् सालमोनेला र इ. कोली । दुवैको आफ्नो 'विद्युतीय व्यक्तित्व' छ भन्छन् ई-नाक बनाउने इजरायली कम्पनी सेन्सिफाईका सह-विकासकर्ता प्राध्यापक राज जेलिनेक ।

कम्पनीले बनाएको ई-नाकमा कार्बनको नानोपार्टिकल्स कोट गरिएको छ । यसमा ब्याक्टेरियाका कारण उत्पन्न हुने गन्ध अर्थात् भोलाटाइल अर्गानिक कम्पाउन्ड (भीओसी) पहिचान गर्ने इलेक्ट्रोड्स छ । फरक खालको ब्याक्टेरियाले फरक भीओसी फिंगरप्रिन्ट बनाउँछ । जसले सेन्सिफाई यन्त्रमा फरक विद्युतीय संकेत सृजना गर्छ । यसलाई एआई सफ्टवेयर प्रणालीले रेकर्ड गर्छ । यसले आफ्नो डेटाबेसमा चेक गरेर प्रयोगकर्तालाई सूचित गराइदिन्छ । विश्वभर फुड पोइजनिङ गम्भीर समस्याको रुपमा रहेको छ । यसका कारण लाखौं मानिसको मृत्यु भइरहेको छ । खाद्य उद्योगमा संक्रमणको समस्या निवारणमा यो उपकरण सहयोगी हुने आशा कम्पनीले गरेको छ । कम्पनीले ई-नाकको मूल्य सार्वजनिक गरेको छैन । तर यो सस्तो हुने बताइएको छ । *-रातोपाटी डटकम*

# टिकटकको विकल्पमा नेपाली भिडिओ एप 'रमाइलो', के-के छन् सुविधा ?




नेपाली युवाहरूको लगानी तथा सक्रियतामा छोटो भिडिओहरूका लागि मोबाइल एप 'रमाइलो' सार्वजनिक भएको छ । नेपालमा सन् २०१९ देखि सूचना तथा प्रविधि क्षेत्रमा क्रियाशील कम्पनी आइडिया जार डिजिटल कम्पनीले सञ्चालनमा ल्याएको सो एपमा भिडिओ हेर्ने तथा अपलोड गर्ने, भिडिओ एक्सप्लोर गर्ने, लाइक, कमेन्ट र शेयर गर्ने सुविधा, लाइभ गर्न मिल्ने सुविधा समेत दिएको छ । कम्पनीले कन्टेन क्रियटरलाई पनि केही समयपछि कन्टेन र लोकप्रियता अनुसार निश्चित रकम दिँदै जाने योजना बनाएको जनाएको छ ।

पछिल्लो समय सामाजिक सञ्जालहरूका छोटो भिडिओ अपलोड गर्ने प्लेटफर्महरूले लोकप्रियता पाइरहेको थियो । नेपालको आफ्नै एप नहुँदा यसअघि सबै विदेशी एप नेपाली प्रयोगकर्ताहरूले प्रयोग गर्नुपर्ने बाध्यतालाई चिर्दै अब भने नेपाली उत्पादनका रूपमा मोबाइल एप नेपाली प्रयोगकर्ताहरू माझ आएको हो । नेपालमै बनेको यस एपलाई नेपाली प्रयोगकर्ताहरूले रूचाउने अपेक्षा कम्पनीको छ ।

टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जाललाई नियमनको दायरामा ल्याउन कठिन भएको सरकारले बताइरहेको यस समयमा नेपालकै कम्पनीले यस्तो एप विकास गर्दा नियमनमा पनि सहज हुने कम्पनीको भनाइ छ । सरकारले हालैमात्र नेपालमा सामाजिक सञ्जाल टिकटकमा प्रतिबन्ध लगाएको छ । सरकारले सामाजिक सद्भावमा खलल पुऱ्याउन सक्ने भन्दै टिकटक प्रतिबन्ध गर्दा नेपाली प्रयोगकर्ताहरूका लागि यो एप उत्तम एप बन्न सक्ने कम्पनीको भनाइ छ । यस एपमा भिडिओ निर्माणका क्रममा उच्छृङ्खल गतिविधि भएमा वा गैरकानूनी तथा अमर्यादित हर्कत भएमा त्यसलाई कानुनी दायरामा ल्याउनका लागि सरकारलाई सहयोग समेत गर्नेमा प्रतिबद्ध भएको प्रेस नोटमा उल्लेख छ । प्रयोगकर्ताहरूको सुझावका आधारमा कम्पनीले यस एपलाई विकास गर्दै लैजाने जनाएको छ । रमाइलो एपमा १३ वर्ष उमेरभन्दा माथिका नागरिकले पहुँच राख्न सक्ने छन् । यस एपलाई हाल गुगल प्लेस्टोरमा उपलब्ध छ भने केही दिनमै आइफोन प्रयोगकर्ताहरूले एप स्टोरबाट डाउनलोड गरी चलाउन सक्ने कम्पनीले जनाएको छ । एण्ड्रोइड मोबाइलमा रमाइलो एप चलाउन https://bit.ly/ramailoshortvideosapp लिंक मार्फत इन्स्टल गर्न सकिन्छ ।

*-सेतोपाटी डटकम*

# डिजिटल समाजमा प्रियतावाद र अराजक राजनीति

**वाईपी आचार्य**

पछिल्ला तमाम घटनाक्रमलाई हेर्दा नेपाली समाज अराजकताको भड्खालोमा भासिँदै गएको प्रतीत हुन्छ । अहिले नागरिकमा बेचैन छ । कन्फ्युजन छ । मानसिक अस्थिरता छ । निराशा छ । घृणा छ । उनीहरूको व्यवहारमा तरलता छ । समाजको नेतृत्व गर्छौं भन्नेहरूमा सद्भाव भन्दा घृणा छ । सृजना भन्दा प्रतिक्रिया छ । निर्माण भन्दा विध्वंश छ । छटपटी छ । भाइरल हुने भूतले सताएको छ । राजनीतिक बहसमा विचार भन्दा व्यक्तिका बोली हाबी छन् । दीर्घकालीन विकास र समृद्धिका मुद्दा भन्दा सस्ता तर तुरून्तै भाइरल हुने विषयमा छलफल छ । पार्टी र संस्थाभन्दा व्यक्तिमा भर परेका छन् । यसो हुनुमा कुनै नेता विशेष वा पार्टी तथा व्यक्ति मात्रै दोषी छैन । कुनै एक पक्षलाई वा नेतालाई मात्रै दुत्कारेर वास्तविकताको नजिक पुग्न सकिँदैन । यसलाई अलि गहिरिएर हेर्नुपर्ने हुन्छ । यस लेखमा सूचनाप्रविधि र यसको जगमा निर्माण हुने समाज, त्यहाँ विकास हुने मनोविज्ञान र त्यसमा खेल्ने पात्र तथा 'एजेन्सी' को चरित्र उधिन्ने प्रयास गरिएको छ ।

**डिजिटल समाज**

सूचनाप्रविधिको विकास एक सामान्य परिवर्तन मात्रै होइन, एक क्रान्ति पनि हो । यसले समग्र समाज र सभ्यतामा नै उथलपुथल ल्याएको छ, ल्याउँदै छ । जब समाज र व्यक्तिको हरेक पक्षमा यसले प्रभाव पार्छ, स्वभावैले मानिसको मनोविज्ञान वा व्यवहारमा गहिरो प्रभाव पार्छ नै । प्रविधिको प्रयोग मोबाइल चलाउने वा टिकटक तथा फेसबुक चलाउनेमा मात्रै सीमित नभएर यसले मानिसको चेतना र उसको जीवनमा गहिरो छाप पारेको हुन्छ जुन सामान्य रूपमा सामान्य मानिसले हेक्का पाउँदैन । नेपालमा पनि प्रविधिको प्रयोगसँगै डिजिटल समाजको विस्तार भएको छ । बढिरहेको छ ।

भौतिक रूपमा अलग्गिएका तर नेटवर्कबाट विशाल क्षेत्रमा जोडिएको समाज निर्माण भएको छ । यो भर्चुअल संसार पनि हो । तर, नेपालमा यो समाजको विकास विश्वस्तरको परिवर्तनको बाढीमा परेर भएको हुँदा नेपाली समाजले आफूलाई यो परिवर्तनका लागि तयार नै गर्न सकेको थिएन । परिणामस्वरूप प्रविधिको प्रयोग त गरियो तर प्रयोग गर्ने संस्कारको विकास भएन । हरेक विकास वा अन्वेषणको उपयोग गर्ने आफ्नै संस्कार वा नियम हुन्छन् । हामीले संस्कार र नियम विना नै यसको विस्तार हुन दियौं । मूलत: यस समाजका निम्न विशेषता हुन्छन् ।

**सूचनाको बाढी**

यो समाजको मूल चूनौती सूचनाको कमी नभएर सूचनाको समुद्रबाट सही सूचना छनोट गर्नु हो । यहाँ सही, गलत र हानिकारक गरी तीन प्रकारका सूचना हुन्छन् । सेन्टर फर ह्युमन टेक्नोलोजी २०२२ को रिपोर्ट अनुसार सही सूचना भन्दा गलत र हानिकारक सूचना ६ गुणा छिटो फैलन्छन् । सामाजिक सञ्जालमा छिटो फैलने खालका सूचना बढी हुन्छन् । साथै सतही सूचनाको बाढी हुने हुँदा ज्ञान निर्माण प्रक्रियामा विसडमसम्म पुग्नै पाउँदैन । यहाँ मानिस कन्फ्युजनमा पर्छ । अनि सतही सूचनाको आधारमा आफ्नो मत निर्माण गर्ने गर्छन् । पटक-पटक आइरहने सूचनालाई विश्वास गर्ने मानिसको मेन्टल फ्याकल्टीको प्याट्रन हुन्छ । अनि गलत सूचना र अति सतही सूचनालाई आधार बनाएर आफ्नो चेतनाको निर्माण गर्ने हुन्छन् । त्यसैले जस्तो सूचना त्यस्तै मनोविज्ञानको निर्माण हुन्छ ।

**बेकामे वर्ग र आक्रोशित समाजको निर्माण**

रोबर्ट हसान आफ्नो प्रसिद्ध पुस्तक 'डिजिटल सोसाइटी एण्ड मार्क्सिसजम' मा लेख्छन्, 'अब श्रमिकहरू मुनाफाको हिस्साबाट मात्र अलग नभएर उसको कामबाट नै अलग हुन सक्छ ।' वर्ल्ड इकोनोमिक फोरम २०१९ को रिपोर्ट अनुसार सन् २०३० सम्ममा करिब ५० प्रतिशत रोजगारीहरू रोबर्ट, अटोमेशन, कृत्रिम बौद्धिकता आदिले खोस्नेछ । इतिहासकार युवल नोवा हरारेको भनाइमा डिजिटल समाजको मूल चुनौती जागिरबाट विस्थापित भएको र आर्थिक रूपमा बेकामे वर्गको जन्म हुनु हुनेछ । यो वर्ग राज्यबाट आफू अलग्गिएको महसुस गर्छ । साथै यो वर्ग मानसिक रूपमा बेचैन, संवेगात्मक रूपमा आक्रोशित, सामाजिक रूपमा अराजक, राजनीतिक रूपमा अस्थिर प्रकृतिको हुन्छ । जागिर गुम्ने, छिटो परिवर्तित हुने दुनियाँमा आफूलाई पनि छिटो बदल्नुपर्ने, अरूको आक्रोशको साझेदारी समेत हुनुपर्ने, छिटो नतिजा चाहने, अरूसँग तुरुन्तै तुलना हुने, प्रविधिको लत बस्ने आदि कारण यो समाजमा आक्रोश बढ्दै जान्छ । आफूले थाहा पाएको सूचना नै सत्य हो भन्ने मानिसको स्वभाव हुन्छ जहाँ फरक विचारलाई अस्वीकार गर्छन् । यहाँ बुझाइको जगमा विचारको लडाइँ हुन्छ जसले आक्रोश बढाइरहेको हुन्छ । मानिसमा डिप्रेसिप सिन्ड्रम पनि देखिन थाल्छन् । हरारेका अनुसार विश्वमा युद्धले भन्दा आत्महत्याको कारण मर्नेहरूको संख्या बढी छ । नेपालमा पनि मानसिक स्वास्थ्य सर्वेक्षण २०२० का अनुसार १० प्रतिशत वयस्कमा मानसिक असन्तुलन देखिएको छ । यही आक्रोशित समाजले समग्र मानिसको चेतनामा समेत प्रभाव पार्छ ।

**रिमोट गतिविधि**

मानिस विश्वको जुनसुकै कुनामा बसेर सबैसँग जोडिने भयो । अहिले नेपालका उत्पादक उमेरका युवा विश्वका विभिन्न ठाउँमा पुगेका छन् । उनीहरू पढे-लेखेका वा देश-विदेश देखेका छन् । उनीहरूले नेपाललाई अन्य विकसित मुलुकसँग तुलना गर्छन् । अरू देशमा विकास, स्थिरता र प्रणाली बसेको देख्छन् । नेपालमा कमजोर देख्छन् । अनि तत्कालीन राजनीतिक नेतृत्वलाई सराप्छन् । विदेशमा पढ्ने र काम गर्नेहरू मध्ये ५०० जनामा गरेको मेरो सर्वे अनुसार ८६ प्रतिशत युवाहरू पुराना राजनीतिक नेतृत्वप्रति असन्तुष्ट थिए । साथै उनीहरूको फेसबुक स्टाटसमा निरन्तर उतारचढाव देखिन्थ्यो । उनीहरूको व्यवहार र प्रतिक्रियामा तरलता थियो । यिनीहरू डिजिटल समाजमा टाढैबाट पनि सक्रिय हुने, आर्थिक उपार्जन गरेको तथा पढेलेखेको पनि हुने हुँदा उनीहरूले आफ्नो परिवारलाई समेत तुरुन्तै प्रभावित गर्न सक्छन् ।

**व्यक्तिकेन्द्रित मुद्दा हाबी**

यो समाजमा सामाजिक भन्दा व्यक्तिगत मुद्दा बढी बिक्छन् । छुवाछुत, भाषा, जाति, जनजाति, वर्गका मुद्दा भन्दा व्यक्तिगत लाभ हेर्ने जमातको निर्माण हुन्छ । गणतन्त्र आयो मैले के पाएँ, स्कुल बन्यो मैले के पाएँ भन्ने मनोविज्ञान हाबी हुन्छ । यसो हुँदा समाज बदल्ने भन्दा पनि ऋण नतिर्ने मुद्दाले तान्छ । यहाँ विचार कमजोर र व्यक्ति हाबी हुन्छ । त्यसैले यहाँ प्रियतावादीहरूको जन्म हुन्छ ।

**भाइरल समाज**

यो समाजमा कामले भन्दा बढी प्रचारले प्रभाव पार्छ । जनताको सेवामा लागेका व्यक्ति यदि ऊ सञ्जालमा जोडिँदैन र प्रचारमुखी छैन भने गुमनाम हुन्छ तर आकर्षक तरिकाले बोल्छ, मिडिया म्यानेजमेन्ट गर्छ भने ऊ भाइरल हुन्छ । भाइरल एक्कासी आउँछ, व्यापक फैलिन्छ अनि तुरून्तै हराउँछ । कुनै एउटा मुद्दामा समुद्रको छाल जस्तै सरर्र जान्छ अनि फेरि अर्को छालसँगै बग्छ । यसले मानिसमा अस्थिर मनोविज्ञानको निर्माण गर्छ ।

**प्रियतावादको जन्म**

माथि उल्लिखित चरित्रका कारण यो समाजमा प्रियतावादको उदयका लागि अनुकूल परिस्थिति बन्छ । प्रियतावाद संस्थारहित व्यक्तिगत नेतृत्व हो । कुनै एक क्षेत्रमा चर्चामा आएका तथा आफूलाई बौद्धिक ठान्ने वा चामत्कारिक ठान्ने व्यक्तिहरू राजनीतिक मूल नेतृत्वमा आउने चेष्टा हो । म एक्लैले जनताको खास प्रत्यक्ष प्रतिनिधित्व गर्छु भन्ने प्रवृत्ति हो । मैले मात्रै जनताका चाहना बुझ्छु । समस्या गहिरिएर बुझ्न सक्छु । जनताको आकांक्षाको जानकार छु । म एक्लैले ती सबै समस्या समाधान गर्न सक्छु भन्ने प्रवृत्ति हो । प्रियतावादीहरू बाहिरबाट हेर्दा प्रतिभाशाली देखिन्छन् । यिनीहरू मुख्यत: चार प्रकारका हुन्छन् । पहिलो, डोनाल्ड ट्रम्प, भ्लादिमिर पुटिन जस्ता अतिराष्ट्रवादी प्रियतावादी । दोस्रो, नरेन्द्र मोदी र नेपालमा धर्म सापेक्षताको नारा लगाउनेहरू जस्तै धार्मिक प्रियतावादी । तेस्रो, कोशी प्रदेशमा जातीय आधारमा प्रदेशको नामकरण गर्नुपर्छ भन्नेहरू जस्तै पहिचानवादी प्रियतावादी र चौथो, स्टन्टका आधारमा राजनीति गर्नेहरू स्टाइलिस्ट प्रियतावादी । प्रियतावादीसँग चार वटा चिज हुँदैन । पहिलो, खास राजनीतिक दल हुँदैन, भए पनि कमजोर हुन्छ र उनीहरू संस्था भन्दा व्यक्ति प्रधान ठान्छन् । जनतासँग सीधै जोडिन खोज्छन् । दोस्रो, स्पष्ट विचारधारा हुँदैन । उदारवाद, समाजवाद जस्ता राजनीतिक कथा हुँदैन । तेस्रो, उत्तराधिकारी योजना हुँदैन । नेताले गलत गरेमा जनताले दण्ड दिने वा त्यसको जवाफ दिने अर्को कोही हुँदैन । चौथो, यिनीहरूको ऐतिहासिक राजनीतिक विरासत हुँदैन जसको कारण राजनीतिक संस्कार सिक्न पाएका हुँदैनन् । यिनीहरूसँग चार वटा विशेषता हुन्छन् । पहिलो, समस्यालाई नाटकीय रूपमा प्रस्तुत गर्ने कला, दोस्रो, सामाजिक सञ्जाल तथा आफ्नै मिडियाबाट जनतासँग प्रत्यक्ष जोडिन सक्ने तागत, तेस्रो, चामत्कारिक नेतृत्व भएको स्वाङ पार्न सक्ने खुबी र चौथो, सूचनामा पहुँच भएको । त्यस्तै यिनीहरूले मुख्यतया चार वटा काम गर्छन्- समस्याको ढ्वाङ् पिट्छन्, जुनसुकै विचारको विरोध गर्छन्, संस्थाको विरोध गर्छन् र स्थापित पार्टीको विरोध गर्छन् । यिनीहरूले जहिले पनि बहुमतको सेन्टिमेन्ट मात्रै बोक्न खोज्छन् जसको कारण अल्पमत प्रति अनुदार हुन्छन् । आफूलाई जान्ने र सभ्य ठान्छन् जसको कारण उनीहरूले पिछडा वर्गको प्रतिनिधित्व गर्न सक्दैनन् ।

**नकारात्मक नागरिक समाज**

यहाँ नागरिक समाज भन्नाले नेपालमा बुझिने केही सीमित व्यक्तिहरूको झुण्ड नभएर दार्शनिक एन्तोनियो ग्राम्सीले भने जस्तो बृहत् पक्षलाई भन्न खोजिएको हो । परिवार, स्कुल, मिडिया, धार्मिक संस्था, बुद्धिजीवी र अहिले आएर सामाजिक सञ्जाल आदि नागरिक समाज हुन् जुन सत्ताको शक्तिमा हुँदैनन् । तर, समाजको चेतना निर्माणमा ठूलो भूमिका खेल्छन् । ग्राम्सीले भने जस्तो उनीहरूले राज्यसत्तामा रहेको वर्गको सांस्कृतिक आधिपत्य कायम गर्न सूक्ष्म रूपमा काम गर्छन् । तर, नेपालमा उनले भने जस्तो नभएर राज्य सत्ता र जनतालाई अलग्याउने र समाजमा घृणालाई प्रोत्साहन गरेको देखिन्छ । सामाजिक सञ्जाल, मिडिया, विद्वानका भनाइ आदिमा समालोचना भन्दा आरोप र घृणा बढी भेटिन्छ । समाजका अन्य मानिसहरूलाई उनीहरूका विचार, सूचना र व्यवहारले प्रभाव पार्दछ जसका आधारमा उनीहरू आफ्नो चेतनाको निर्माण गरिरहेका हुन्छन् । जस्तै आम व्यक्तिले त्यही कुरा बोलिरहेको हुन्छ जुन कुरा मिडिया, सामाजिक सञ्जाल वा सामाजिक अगुवाले बोलेको हुन्छ । समाजमा यस्तो घृणा र आक्रामकता मौलाउनुमा नागरिक समाज पनि दोषी छ ।

*-अनलाइन खबर डटकम*

# देउवाले खोले मुख 'कसैले चाहँदैमा राजतन्त्र फर्किंदैन'



**पाल्पा,** मंसिर ११/केही दिन अघिदेखि अहिलेको व्यवस्थामाथि विरोध र प्रदर्शन हुँदै आइरहेका बेला मौन रहेका पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले यस विषयमा मुख खोलेका छन् । देशको ठूलो पार्टीको नेता नै वर्तमान व्यवस्थामाथि प्रहार हुन थाल्दा मौन बसेको भन्ने आरोप लागिरहेका बेला एक औपचारिक कार्यक्रममा भने उनले त्यस विषयमा आफ्नो धारणा राखेका हुन् ।

सोमबार नेपाली काँग्रेस नवलपुरको प्रथम जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै सभापति देउवाले कोही कसैले चाहाँदैमा राजतन्त्र नफर्किने बताएका छन् । उनले भने, 'कसैले चाहँदैमा अब राजतन्त्र फर्किंदैन । सार्वभौम संविधान सभाको निर्णयले गणतन्त्रको स्थापना भएकाले अब राजतन्त्र फर्किने कुनै सम्भावना छैन ।' 'केही दिनदेखि देखिएको गतिविधीबारे देउवाले केही बोलेनन् भन्ने सुनेको छु । हाम्रो पार्टीको स्पष्ट धारणा छ संघीयता र गणतन्त्रकोविरुद्ध हुने कुनै पनि गतिविधी हामीलाई मान्य छैन' सभापति देउवाले भने । सबै मिलेर लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र मजबुत बनाउनु पर्ने अहिलेको आवश्यकता रहेको उनको भनाई छ । सभापति देउवाले धर्मनिरपेक्षका बारेमा पार्टीमा छलफल गर्न सकिए पनि गणतन्त्र भने निर्विकल्प भएको धारणा व्यक्त गरे ।

जनताले संविधानमार्फत फालिसकेको राजतन्त्र फर्कने कुनै सम्भावना नरहेको उनको तर्क छ । पार्टीका सबै मतभेद हटाएर संगठन बिस्तारमा लाग्न देउवाले काँग्रेस नेता कार्यकर्तालाई निर्देशन समेत दिए ।

# चौराहा-गोलपार्क सडकको 'सर्भिस लेन' को ढाँचा परिवर्तन गर्न आग्रह



**लुम्बिनी (मर्चवार),** मंसिर ११/ बुटवल उपमहानगरपालिकाले यहाँस्थित चौराहाबाट गोलपार्कसम्मको सडकको 'सर्भिस लेनको डिजाइन' परिवर्तन गर्न सडक विभागलाई आग्रह गरेको छ । चौराहाबाट गोलपार्कसम्मको सडक डिजाइनमा स्थानीय व्यवसाय प्रवर्द्धन, पार्किङ, सडक व्यवसाय, हरियाली, खानेपानी र विद्युतीकरणसहितको सडक निर्माण गर्नुपर्ने जनाउँदै उपमहानगरपालिकाले विभागसँग सो आग्रह गरेको हो ।

बुटवल उपमहानगरपालिकामा बसेको सरोकारवालासहितको बैठकले बुटवलको व्यस्त बजार र बस्ती क्षेत्र सडकको 'सर्भिस लेन'लाई हरियाली, साना सवारी पार्किङ, साना व्यवसाय, व्यवस्थित खानेपानी र विद्युतीकरण गर्ने गरी निर्माण गर्न सडक विभागलाई आग्रह गर्ने निर्णय गरेको उपमहानगरप्रमुख खेलराज पाण्डेयले जानकारी दिए । उनका अनुसार बुटवलको मुख्य बजार क्षेत्रको सर्भिस लेनको बहुउपयोग गर्नका लागि सर्भिस लेनको डिजाइनलाई सडक विभागलाई पत्राचार गर्ने निणर्य गरिएको हो । पाण्डेयले चौराहाबाट गोलपार्कसम्मको सर्भिस लेनको निर्माण बाँकी रहेकाले निर्माण सुरु हुनुअघि नै ढाँचामा हेरफेर गरी स्थानीय आवश्यकता अनुसारको बनाउनुपर्ने बताए । 'सडक बनाएपछि सवारी पार्किङ गर्ने क्षेत्र मासियो, अन्यत्र पार्किङ गर्ने स्थान छैन, पहिलेका आराम गर्ने चौतारी पनि मासिए, पानी पिउने ठाउँ, शौचालय पनि राख्ने ठाउँ छैन', उपमहानगरप्रमुख पाण्डेयले भने, 'त्यसैले यो क्षेत्रको सर्भिस लेनमा यी सबै कुरासमेत गाभेर यहाँको आवश्यकतानुसारको बनाउनुपर्छ भन्ने हाम्रो आग्रह हो ।'

उनले सर्भिस लेनको बीच-बीचमा साना गाडी पार्किङको क्षेत्र, साना विश्रामस्थल, पिउने पानी, शौचालयसमेतलाई व्यवस्थित गर्ने गरी सडक विभागलाई प्रस्तावित डिजाइन पठाइएको समेत जानकारी दिए । बैठकमा उपप्रमुख सावित्रादेवी अर्याललले स्थानीय आवश्यकतालाई हेरेर 'सर्भिस लेनको डिजाइन'मा परिवर्तन गर्नुपर्ने बताइन् । सडक डिभिजन बुटवलका प्रमुख विसुनदास लामाले सरोकारवालाको मागअनुसार सडक विभागमा अनुरोध गर्ने बैठकमा बताए । बैठकमा बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ, रुपन्देही व्यापार संघ, ट्राफिक व्यवस्थापन कार्यालय, खानेपानी संस्थान बुटवल, यातायात व्यवसायीलगायतका सरोकारवालाको सहभागिता थियो । स्थानीय सरोकारवालाबीचको छलफलको निर्णयानुसार छिट्टै स्थानीय सरोकारवालाको भेला डाकेर सडकको 'सर्भिस लेन' परिवर्तनका लागि बृहत् छलफल गर्ने निर्णय भएको बुटवल उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जानकारी दिए ।

यसैगरी नारायणगढ-बुटवल सडकखण्ड अन्तर्गत बुटवल-८ र १० को नाला निर्माणका बारेमा सरोकारवालाबीच छलफल गरी आवश्यकतानुसार सिफारिस गर्ने निर्णय गरेको छ । नगरप्रमुख पाण्डेय र प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठ सहित बसेको बैठकले नाला निर्माणका क्रममा स्थानीय आवश्यकतानुसार निर्माण गर्नका लागि सरोकारवालाबीच छलफल गर्ने निर्णय गरेको हो । *-रासस*

## खेलकुद समाचार

# मधेस प्रदेशले हरायो सुदूरपश्चिम प्रदेशलाई



**काठमाडौं,** मंसिर ११/पोखरामा जारी केपी ओली कप टी–२० क्रिकेट प्रतियोगिताको सोमबारको खेलमा मधेस प्रदेशले सुदूरपश्चिम प्रदेशको टोलीलाई आठ विकेटले हराएको छ । समूह 'सी' अन्तर्गतको खेलमा मधेस प्रदेशको यो पहिलो जित हो ।

यसअघि आइतबार खेलिएको आफ्नो पहिलो खेलमा मधेस प्रदेशको टोली नेपाल पुलिस क्लबसँग ५७ रनले पराजित भएको थियो । समूह 'सी' मा एक खेल खेलेको विभागीय टोली नेपाल पुलिस क्लब दुई अंकसहित पहिलो र दुई खेल खेलेको मधेस प्रदेश दुई अंकसहित दोस्रो स्थानमा छन् । एक खेल खेलेको सुदूरपश्चिम प्रदेशले भने अंक जोड्न सकेको छैन । सोमबार पोखरा रंगशालामा खेलिएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेशले १५.५ ओभरमा अलआउट हुनुअघि ५८ रनमात्र बनाउन सकेको थियो । जवाफी ब्याटिङमा ओर्लिएको मधेस प्रदेशले भने ४.४ ओभरमै केवल दुई विकेट गुमाएर ६२ रन बनाउँदै विजयलक्ष्य पार गरेको थियो । मधेस प्रदेशको जितमा ओपनर अनिल साहले २५ रनको योगदान गरे । उनले केवल ११ बलमा दुई छक्का र तीन चौका हिर्काएका थिए । इमरान शेखले पनि टोलीका लागि अविजित १७ रनको योगदान गरे । उनले केवल नौ बलमा एक छक्का र दुई चौका पनि प्रहार गरे । पवन सर्राफले केवल पाँच बलमा एक छक्का र दुई चौकाको मद्दतले अविजित १४ रन बनाए । मधेस प्रदेशका कप्तानसमेत रहेका ओपनर ब्याट्सम्यान हरिशंकर साह भने खाता खोल्नुअघि नै पेभेलियन फर्किएका थिए । सुदूरपश्चिम प्रदेशका बलर गजेन्द्र बोहराले दुई विकेट लिए । मधेस प्रदेशले अतिरिक्त रुपमा ६ रन पाएको थियो । त्यसअघि सुदूरपश्चिम प्रदेशलाई सस्तोमा समेट्ने क्रममा मधेस प्रदेशका बलर हरिशंकर साह एक्लैले चार विकेट लिएका थिए । उनले चार ओभरमा केवल ११ रन खर्चिएका थिए । रुपेश सिंहले तीन विकेट हात पारेका थिए । विशाल पटेल, प्रदिप पासवान र विशाल सुसलिङले पनि एक–एक विकेट लिए । सुदूरपश्चिम प्रदेशका कुनै पनि ब्याट्सम्यान लामो समय क्रिजमा टिक्न सकेनन् । तल्लोक्रमका ब्याट्सम्यान नरेन साउदले सर्वाधिक १८ रन बनाए । भोजराज भट्ट र किरण ठगुन्नाले १०–१० रन बनाएका थिए । अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५–५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा दोहोरो अंकले गिरावट



**पाल्पा,** मंसिर ११/यो साता कारोबारको पहिलो दिन उच्च अंकले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोस्रो दिनमा दोहोरो अंकको गिरावट भएको छ । सोमबार नेप्से परिसूचक ११ दशमलव २७ अंकले घटेर एक हजार आठ सय ९६ दशमलव ६७ को बिन्दुमा कायम भएको हो ।

दुई सय ९० कम्पनीको ६० लाख १७ हजार तीन सय ९७ कित्ता शेयर ५२ हजार चार सय ८० पटक खरिद बिक्री हुँदा रू एक अर्ब ७५ करोड ४७ लाख ५० हजार सात सय ५५ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह शून्य दशमलव २५, लगानी समूह शून्य दशमलव ४९, म्युचुअल फन्ड शून्य दशमलव ०१ र व्यापार समूह शून्य दशमलव ३७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै घट्नेमा जीवन बीमा समूह शून्य दमलव ८९ र बैंकिङ समूह शून्य दशमलव ८४ प्रतिशतले घटेको छ ।

अपर स्याङ्गी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ०४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू सात करोड ७७ लाख ६३ हजार पाँच सय ८५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै प्रभु बैंक प्रमोटर शेयर चार लाख ९७ हजार तीन सय ६९ कित्ता किनबेच भएको छ ।

# नौमती बाजा बजाउँदै...

...अहिले यो समूहलाई जिल्लाका विभिन्न ठाउँमा बाजा बजाउन भ्याइनभ्याई छ । विवाह, व्रतबन्ध, विभिन्न मेलापर्व तथा उत्सवमा बजाइने नौमती बाजा मुख्य बाजा हो । पश्चिमेली संस्कृतिको प्रभाव र युवा पुस्ताले चासो नदिँदा नौमती बाजा लोप हुने स्थितिमा छ तर गुल्मीको मदाने गाउँपलिका-६ पुर्कोटदहका महिला यसको संरक्षणमा जुटेका छन् ।

बाजा बजाउने चलन पहिलेदेखि चलिआए पनि ग्रामीण भेगमा यो व्यावसायिक बन्न सकेको थिएन । तर मदाने गाउँपालिकाका यी महिलाले यसलाई व्यावसायिक बनाएका छन् । यतिबेला मदाने गाउँपालिकाको यो समूह बाजा बजाउन गाउँपालिका, छिमेकी पालिका र जिल्ला सदरमुकाम तम्घाससम्म पुग्दै आएको छ । मदाने महिला नौमती बाजा समूहकी अध्यक्ष जिसीले आफूहरूलाई एक दिन बाजा बजाएबापत २५ हजारदेखि ३५ हजारसम्म दिने गरेको बताइन् । मदाने गाउँपालिकाले नौमती बाजाको संरक्षणका लागि महिलालाई सीप सिकाएको थियो ।

सीपसँगै गाउँपालिकाले व्यावसायिक बनाउनका लागि नौमती बाजा वितरण पनि गरेको थियो । मदाने गाउँपालिका उपाध्यक्ष सरिता खड्काले बाजाको संरक्षण, महिलालाई सीप, बाजा बजाउने पेसालाई व्यावसायिक र गाउँपालिकाको पहिचानका लागि यो कदम अगाडि बढाएको बताइन् । 'हामीले महिलालाई अगाडि बढाउन सीप सिकाएका हौं', उनले भनिन्, 'अहिले महिलाले बजाइरहेको बाजा व्यावसायिक र पहिचान बन्यो, खुसी लागेको छ ।' परम्परागत संस्कृतिको संरक्षण गर्नका लागि नौमती बाजाको जगेर्ना गरेको उनको भनाइ छ । उनले यस आर्थिक वर्ष पनि गाउँपालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको बताइन् । महिलाले खुसीका साथ आफैं लागेर बाजा बजाउने पेसालाई व्यावसायिक बनाएकामा संस्कृति संरक्षणमा टेवा पुगेको जिल्ला समन्वय समिति गुल्मीका प्रमुख द्रोणबहादुर खत्रीले बताए । 'मदानेले महिलालाई नौमती बाजाको सीप सिकाएर पहिचान बनायो', उनले भने, 'अन्य पालिकाले पनि आफ्ना छुट्टै खाले पहिचान बनाउन आवश्यक छ ।' रुचि अनुसारका पेसामा अगाडि बढ्नु आफैंमा सकारात्मक भएको उनको भनाइ छ । *-रासस*

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई